**निर्णय नं. १**

योजना छनौट तथा कार्यान्वयन सम्बन्धमा छलफल गर्दा चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक नगर विकास योजनामा नगरपालिका र वडामा विनियोजन भई ब्रेकडाउन हुन बाँकी रहेका बजेटहरू खर्च गरी योजना कार्यान्वयन गर्ने प्रयोजनार्थ आवश्यकता र औचित्यका आधारमा विभिन्न योजनाहरू छनौट गरी २०८० पौष महिनामा बस्ने नगर कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

वडामा मेलमिलाप केन्द्र स्थापना गर्ने सम्बन्धमा छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गतका १४ वटै वडाहरूमा आवश्यकता र औचित्यका आधारमा प्रचलित कानून बमोजिम मेलमिलाप केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

होमस्टे कार्यविधिको सम्बन्धमा छलफल गर्दा चौतारा साँगाचोकगढी नगरपालिकाको होमस्टे (घरवास) कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रारम्भिक बालविकास कक्षाका सहजकर्ताहरूलाई कार्यसम्पादनमा आधारित मूल्यांकन गरी प्रोत्साहन समेत प्रदान गर्नका लागि प्रारम्भिक बालविकास कक्षाका सहजकर्ताको वर्गीकरण मापदण्डको मस्यौदा तयार गर्न नगर शिक्षा समितिको मिति २०८० मंसिर २० को निर्णयबाट पारित भई यस बैठकमा पेश हुन आएको चौतारा साँगाचोकगढी नगरपालिकाको प्रारम्भिक बालविकास सहजकर्ता स्तरीकरण मापदण्ड, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

चौतारा साँगाचोकगढी नगरपालिकाभित्र सञ्चालित सार्वजनिक विद्यालयहरूमा शैक्षिक सत्र २०८० मा विद्यार्थी संख्या सात जना वा सोभन्दा कम भएकामा त्यस्ता विद्यालयलाई आगामी शैक्षिक सत्रबाट कक्षा कटौति वा समायोजनको तयारी गर्ने र त्यस्ता विद्यालयहरूमा हाललाई बालविकास सहजकर्ता वा शिक्षक दरबन्दी वा अनुदान कोटा एक मात्र कायम गर्ने । यस नीति बमोजिम शिक्षक दरबन्दी कटौति तथा मिलान कार्य गर्न नगर कार्यपालिकाको कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

स्वास्थ्य सेवा विस्तार सम्बन्धमा छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ३ खालेमा स्थापना भएको नयाँ स्वास्थ्य चौकीमा स्वास्थ्य सेवा विस्तार गर्नका लागि साविक देखि नै संचालन हुँदै आएको बतासे स्वास्थ्य चौकीबाट कर्मचारी खटाई हाललाई अस्थायी रूपमा स्वास्थ्य सेवा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

वडा नं. ६ को जग्गा खरिद सम्बन्धमा छलफल गर्दा यस नगरपालिका वडा नं. ६ स्थित पिपलडाँडा आयुर्वेद औषधालयका लागि जग्गा खरिद गर्ने सम्बन्धमा ६ नं. वडा कार्यालयबाट जग्गा खरिद गर्नको लागि आवश्यक प्रकृया अगाडी बढाउने भनी अनुरोध भई आएको हुँदा प्रचलित कानून बमोजिम जग्गा खरिद प्रकृया अगाडी बढाउने र प्रचलित कानून बमोजिम हुने राजश्व छुटको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

चौतारा साँगाचोकगढी नगरपालिकाको आ.व. २०८०/०८१ को वार्षिक नगर विकास योजनामा स्वीकृत भएका कृषि सँग सम्बन्धित कृषि सामाग्रीहरू खरिदका लागि छुट्याइएको नगरपालिका तथा वडा तर्फका बजेट सम्बन्धमा आ.व. २०८०/०८१ मा नगरपालिका तर्फका सम्पूर्ण कृषि सामाग्रीहरू विद्युतीय सिलबन्दी दरभाउ पत्र/बोलपत्र (टेण्डर) मार्फत् खरिद गर्ने र वडाको हकमा सम्बन्धित वडा कार्यालयबाट माग भई आए बमोजिम कृषि सामाग्री खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस चौतारा साँगाचोकगढी नगरपालिका र भारतीय दुतावासको लागत साझेदारीमा नगरपालिका अन्तर्गत वडा नं. १० मा रहेको रामदेवि माध्यमिक विद्यालय र सुकुटे माध्यमिक विद्यालयमा छात्रवास निर्माण गर्नका लागि भारतीय दुतावासबाट योजना सम्पन्न गर्दा लाग्ने कुल लागतको ८० प्रतिशतले हुन आउने रकम उपलब्ध गराउने भएकोले सोही अनुसार वडा नं. १० को उक्त विद्यालयहरूमा छात्रवास निर्माण गर्नका लागि यस नगरपालिकाबाट समेत कुल लागतको २० प्रतिशतले हुन आउने रकम व्यवस्था गरी साझेदारीमा छात्रवास निर्माण कार्य अगाडी बढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको वडा नं. ७ मा रहेको श्री नवज्योति बहुउद्देश्यीय सहकारी संस्था लि. मार्फत् कृषकहरूलाई मल वितरण गर्ने प्रयोजनार्थ उक्त सहकारीलाई आवश्यक मलको कोटाको व्यवस्थाका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आ.व. २०८०/०८१ को नगरपालिका तर्फको म्याचिङ फण्ड शिर्षकमा विनियोजन भएको बजेटबाट प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निर्माण सामाग्री तथा दक्ष कामदार व्यवस्थापनका लागि प्रत्येक वडाहरूमा ३,००,०००।- (तीन लाख) का दरले बजेट विनियोजन गर्ने भनी स्थानीय निर्देशक समितिको मिति २०८० मंसिर १३ गते बसेको बैठकबाट निर्णय भई यस बैठकमा अनुमोदनका लागि पेश हुन आएकोमा सोही अनुसार उक्त निर्णयका साथै सो बैठकबाट भएका निर्णयहरू अनुमोदन गरी कार्य अगाडी बढाउन स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गतका १४ वटै वडाहरूमा रहेका सम्पूर्ण सहकारी संस्थाहरूमा स्थलगत अनुगमन गर्ने निर्णय गरियो ।